नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ४१

मितिः २०८२/०४/२६

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. आ.रो.व्य.म. ०५ मिति २०८२/०४/१८ को पत्रको छायाँ प्रति यसै साथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय,

आन्तरिक रोजगार व्यवस्थापन महाँशाखा, सिंहदरवार ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
आन्तरिक रोजगार व्यवस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- आ.रो.व्य.म.०५

मितिः २०८२।०४।१८

श्री स्थानीय तह, सबै,
मार्फतः संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३१०
दर्ता मिति:- ४/२०

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२।०८३ बाट ७५३ स्थानीय तह मार्फत सञ्चालन गर्ने गरी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको लागि बजेट तथा कार्यक्रम स्वीकृत भएकोले मिति २०८२।०४।१५ गतेको नेपाल सरकार (मा.मन्त्रिस्तर) निर्णयानुसार कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिम निर्णय भएकोले निर्णय कार्यान्वयनको लागि अनुरोध छ।

देहायः

१. श्रम र रोजगारी मुलुकको अर्थतन्त्रको विकास र समृद्धिसंग प्रत्यक्ष जोडिएको बहुआयमिक र तीन तहकै सरकारको साझा कार्यक्षेत्र र साझा जिम्मेवारी रहेको परिप्रेक्ष्यमा वार्षिक रुपमा श्रम बजारमा आउने लाखौं श्रम शक्तिलाई श्रम बजारको माग अनुरुप सीप सिकाई रोजगारी प्रवर्द्धन र उद्यमशीलता विकास गर्ने साथै वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको पूँजी तथा सीपको उपयोग गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्न प्रदेश सरकार तथा स्थानीय तहले कार्यक्रममा मन्त्रालयस्तरवाट प्रदान गरीने वजेट अनुदानका अतिरिक्त आफ्नो श्रोत परिचालन गरी गर्ने।

२. स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय रोजगार कार्यक्रमवाट उपलब्ध गराईएको वित्तीय हस्तान्तरण, अन्य सशर्त अनुदान र प्राविधिक सहयोगको अतिरिक्त आफ्नो श्रोत परिचालन गरी सञ्चालन गर्न सक्नेछ। स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नियुक्ति भै कार्यरत रहेको रोजगार संयोजकलाई यस कार्यक्रमको अतिरिक्त स्थानीय तहवाट प्रवाह हुने श्रम, रोजगार, श्रमिकको सामजिक सुरक्षा र श्रमिक कल्याणको कार्य जिम्मेवारी दिई परिचालन गर्न सकिनेछ।

३. यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा न्यूनतम रोजगारीको क्रियाकलाप सञ्चालन गर्दा विगतमा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्डलाई आधार मानी स्थानीय तहको कार्यपालिकावाट निर्णय गरी सचालन गर्ने।

४. राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालनका अन्य विधि, कार्यविधि, प्रणालीहरु प्रचलित कानुन र व्यवस्था वमोजिम हुने।

श्री स्थानीय तह-नि. शाखा
४/२५

........................
कृष्ण प्रसाद सापकोटा
सहसचिव
**सहसचिव**

**टेलिफोन नं.**:- ०१-४२११९६३, ०१-४२००५९५, **फ्याक्स नं.**:- ०१-४२११८७७, **टोल फ्रि नं.**:- १६६००१५०००५, **श्रम कल सेन्टर फोन**:- ११४१
**ईमेल**:- admin@moless.gov.np/info@moless.gov.np, **वेव साईट**:- www.moless.gov.np